# सहमतिपत्र

काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रे समक्ष देशका सात विद्यार्थी सङ्गठनहरु क्रमश: अनेरास्ववियु, ने.वि.संघ, अ.ने.रा.स्व.वि.यू.(एकीकृत), ने.प्र.वि.यु., ने.क्रा.वि.संघ, अनेरास्ववियू, ने.वि.मञ्चले मिति २०६०।०३।०३ मा पेश गरेको १४ सुत्रीय मागपत्रका सम्बन्धमा विद्यार्थी सङ्गठनका प्रतिनिधिहरु र विश्वविद्यालयका बीच २०६०।३।१३ र २०६०।३।१७ दुई चरणमा वार्ता भई देहाय बमोजिम सहमति भयो ।

सात विद्यार्थी सङ्गठनहरुद्वारा प्रस्तुत मागहरुको निचोड नै मुलुकको आसन्न शैक्षिक गतिरोध समाप्त गर्दै शैक्षिक सुधारका दिशामा उन्मुख रहेकोले विश्वविद्यालय मागहरुप्रति सकारात्मक देखियो ।

## सहमति भएका बुँदाहरु

१. माग नं.१ का सम्बन्धमा यस विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजहरुको भौतिक शैक्षिक पूर्वाधारहरुको पुनर्मूल्याकंन गरी अद्यावधिक गर्ने सहमति भयो ।

२. माग नं.२ का सम्बन्धमा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरुको भौतिक पूर्वाधार, शैक्षिकस्थिति, शुल्कस्थिति र गुणस्तरको अनुगमन गरी प्रतिवेदन पेश गर्न सात विद्यार्थी संगठनहरुबाट ३ जना प्रतिनिधि र काठमाडौं विश्वविद्यालयको विद्यार्थी सभासद् र विश्वविद्यालयको प्रतिनिधि सहितको एक संयुक्त अनुगमन टोली गठन गर्ने सहमति भयो । उक्त समितिको सुझाव अनुसार विश्वविद्यालयले यस सम्बन्धमा कार्यगर्ने सहमति भयो ।

३. माग नं.३ का सम्बन्धमा विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षा प्रणालीलाई अझै व्यवस्थित र मर्यादित बनाउनेमा सहमति भयो ।

४. माग नं.४ का सम्बन्धमा बुँदा नं. २ मै उल्लेख भैसकेको छ ।

५. माग नं. ५ का सम्बन्धमा विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुको वार्षिक आय र व्यय सम्पूर्ण विवरण अभिभावक समक्ष जानकारी गराउने सहमति भयो ।

६. माग नं. ६ का सम्बन्धमा विश्वविद्यालयको हालको छात्रवृत्ति व्यवस्थालाई कायम राख्दै विश्वविद्यालयबाट सञ्चालित आई.एस्सी. कार्यक्रममा श्री ५ को सरकारले दुर्गम भनी तोकिएको जिल्लाहरुबाट सम्पूर्ण खर्च विश्वविद्यालयले व्यहोर्ने गरी वार्षिक ५ जना का दरले विद्यार्थीहरुलाई अध्यापन गराउने साथै विश्वविद्यालयले क्रमिक रुपमा सम्भव भए अनुसार संख्या वृद्धि गर्दै लैजाने र विश्वविद्यालयको स्नातक तहका कार्यक्रमहरुमा (मेडिकल कार्यक्रमहरु बाहेक ) वर्षको २ जनालाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउने सहमति भयो । जसमध्ये एक जना अनिवार्यरुपमा दलित हुनुपर्नेछ ।

(आई.एस्सी.को वार्षिक ५ जना भन्नाले एक शैक्षिक कार्यक्रममा १० जनाले छात्रवृत्ति पाउने छन् भने यसरी छात्रवृत्ति पाउने विद्यार्थीहरु जिल्लास्तरिय खुला प्रतिस्प्रर्धाबाट छानिनेछन् )

(७) माग नं.७ का सम्बन्धमा स्ववियुको बैधानिक व्यवस्था गर्न ऐनमा संशोधन गर्नुपर्ने भएकोले संशोधन प्रक्रिया अगाडि बढाउने सहमति भयो ।

(८) माग नं.८ का सम्बन्धमा ऐनमा संशोधन गरी विश्वविद्यालय सभामा दुईजना विद्यार्थी प्रतिनिधिहरुको व्यवस्था गर्न सहमति भयो ।

(९) माग नं.९ को केन्द्रीयस्तरमा शैक्षिक सूचना केन्द्रको स्थापना गरियोस् भन्ने मागका सम्बन्धमा विश्वविद्यालय संङ्गठन तालिकामा यस्तो केन्द्रको रुपमा सूचना तथा पुस्तकालय महाशाखा विद्यमान रहेकोले सो लाई प्रभावकारी बनाउँदै जानेमा सहमति भयो ।

(१०) माग नं.१० को शहिदका छोराछोरी, दलित, अन्धा अपाङ्ग विद्यार्थीहरुलाई पूर्णरुपमा निशुल्क अध्यापन गराइयोस् भन्ने मागका सम्बन्धमा त्यस्ता विद्यार्थीहरुलाई छात्रवृत्ति दिँदा प्राथमिकताका क्रममा अगाडी राख्ने सहमति भयो ।

(११) यस विश्वविद्यालय र यस अन्तर्गतका आङ्गिक क्याम्पसहरुमा विद्यार्थी भर्ना गर्दा कम्तिमा ५०% विद्यार्थीहरु सार्वजनिक विद्यालयबाट लिइने व्यवस्था गरियोस् भन्ने माग नं. १२ को सम्बन्धमा यो विश्वविद्यालयले न्यूनतम भर्ना योग्यता तोकी खुला प्रवेश परीक्षाको आधारमा सिमित सीटमा मात्र विद्यार्थी भर्ना लिने व्यवस्था भएकोले प्रवेश परीक्षा उत्तीर्ण गरेकाहरुमध्येबाट अन्तर्वार्तामा सार्वजनिक विद्यालयबाट आएकालाई ग्राह्यता दिने सहमति भयो ।

(१२) भौतिक सुविधा वृद्धि गर्दै विद्यार्थी संख्याको आधारमा शिक्षक, कर्मचारी, खेल सामग्री, पुस्तकालय, प्रयोगात्मक सामग्री र छात्रावासको यथेष्ठ व्यवस्था गरियोस् भन्ने मागका सवालमा विश्वविद्यालयले क्षेत्रीयस्तरका विश्वविद्यालयहरुमा प्रचलित मापदण्ड अनुसार विद्यार्थी संख्याको अनुपातमा समय सापेक्ष आधुनिकिकरण गर्ने सहमति भयो ।

(१३) व्यवहारिक र बैज्ञानिक क्यालेण्डर निर्माण गरियोस् साथै त्रि.वि.को शैक्षिक क्यालेण्डरसंग तालमेल मिलाइयोस् भन्ने मागका सम्बन्धमा अन्तर्राष्ट्रिय जगतमा प्रचलित शैक्षिक क्यालेण्डरसंग मेल खानेगरी समय सापेक्ष बनाउने सहमति भयो ।

विद्यार्थी संगठनका प्रतिनिधिहरु

| | नाम | पद | संगठन | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री खिमलाल भट्टराई, | महासचिव | अनेरास्ववियु | |
| २. | श्री कृष्ण राना | अध्यक्ष | अनेरास्ववियू | |
| ३. | श्री प्रदिप पौडेल | उपाध्यक्ष | नेविसंघ | |
| ४. | श्री सरोज गोसाई | अध्यक्ष | नेक्राविसंघ | |
| ५. | श्री जीवन गौतम | कोषाध्यक्ष | अनेरास्ववियू (एकीकृत) | |
| ६. | श्री गोकुल निरौला | सचिवालय सदस्य | नेप्रवियु | |
| ७. | श्री रामबाबु यादव | संयोजक | नेविमञ्च | |

काठमाडौं विश्वविद्यालयका प्रतिनिधिहरु

| | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | डा.सीताराम अधिकारी | रजिष्ट्रार | सीताराम अधिकारी |
| २. | डा.विजयकुमार के.सी. | डीन (SoM) | |
| ३. | डा.पुष्पराज अधिकारी | डीन (SoS) | पुष्पराज अधिकारी |
| ४. | श्री मुकुन्दप्रसाद उपाध्याय | CAO | |